# संघीय संसद
# प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन

बैठक संख्या – ४५

## दैनिक कार्यसूची
२०८१ साउन २१ गते सोमबार

दिनको ०१:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त राज्यमन्त्रीको नियुक्ति तथा कार्याभार सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### कार्यव्यवस्था परामर्श समितिमा हेरफेर

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा माननीय सदस्यको नाम हेरफेर गर्नुहुने ।

### बाधा अड्काउ फुकाउ आदेश पेश

३. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदन समक्ष पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले राष्ट्रिय सभामा उत्पत्ति भएको “शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय
महासचिव